# गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**गजुरी, धादिङ**

## साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना आह्वान सम्बन्धि सूचना
## संस्था छनौट प्रक्रिया

**प्रथम पटक प्रकाशित मिति : २०७७/११/१६**

गजुरी.गाउँलिकाले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी गाउँ/नगर क्षेत्रमा रोजगार मुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७" कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७७/७८ देखी शुरु गरी बहुवर्षिय रुपमा सञ्चालन गरिन गजुरी गाउँ/नगरक्षेत्रमा कृषि तथा पशु विकासमा आधारित परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुवाट यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले ३० (तिस) दिन भित्र तपशिल बमोजिमका विवरणहरु सहित प्रतावना पेश गर्न अह्वान गरिएकोछ। योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँ/नगर पालिका जवाफदेही हुनेछैन।

- संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको। प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्नअनुसार हुनुपर्नेछ : स्वावलम्वन समूह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धि काम गरेको।
- सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मुल्य श्रृङ्खलाको क्षेत्रमा अनुभव भएको।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु वस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रवर्द्धनमा काम गरेको अनुभव भएको।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धि कार्य गरेको।
- कृषि तथा पशु विकास सँग सम्बन्धित स्रोत पुस्तिका, प्रसार सामाग्री, वृतचित्र निर्माण तथा विकासमा काम गरेको अनुभवभएको।
- कृषि र पशु विकास सम्बन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि काम गरेको।
- नेपाल सरकारका विभिन्न निकायहरु वा स्थानिय वाप्रदेश सरकारसंगको साझेदारी गरि काम गरेको अनुभव भएको।

लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले परियोजना सँग सम्बन्धित सञ्चालन खर्च जस्तैः कर्मचारी तलव, भत्ता, सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन आदी आफैले व्यवस्थापन गनुपर्नेछ। संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालनई प्राथमिकता दिइने छ। संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरिनियमित समन्वय मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। प्रस्ताव पेश गर्न इच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्य क्षेत्र, परियोजना अवधिआदिवारे जानकारी गाउँ/नगरपालिकाको योजना शाखावाट प्राप्त गर्न सक्नेछन्।

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति।
- आ.व.०७६/०७७को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति।
- स्थायी लेखा नम्वर र आ.व. ०७६/०७७ को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएकोसंस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिकप्रस्तावना पालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनकार्यविधि २०७७ को अनुसुची १ बमोजिमको ढाँचामा अलग अलग खाम मा शिलवन्दी गरिएको १/१ प्रति। परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँपालिकाको वेवसाइट www.gajurimun.gov.np= डाउनलोड गरि वा गाउँप( ालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ।
- संयुक्त उपक्रममा प्रस्तावना पत्र पेश गर्ने संस्थाहरु विचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति।
- प्रस्तावना पेशगर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति।

**प्रमुख प्रशासकीय अधिकृत**